नेपाली राजदूतावास
तेल अबिब, इजरायल
Embassy of Nepal
Tel Aviv, Israel

सूचना !

नेपालको सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण गर्न 'विदेशमा रही अनौपचारिक रूपमा रेमिटयान्स कारोबार (हुन्डी) गरेको वा संकलित रकम नेपाल नपठाएको गोप्य सूचना दूतावासले परराष्ट्र मन्त्रालयमार्फत अर्थ वा सम्बन्धित निकायमा विद्युतीय माध्ययमबाट उपलब्ध गराउनुपर्ने नीतिगत व्यवस्था भए बमोजिम विदेशमा रही अनौपचारिक रुपमा हुने विप्रेषण कारोवार सम्बन्धी विवरण दूतावासले प्राप्त गरी एक विद्युतीय पोर्टलबाट सूचनाहरु पठाउँनु पर्ने व्यवस्था भएको छ ।

यसर्थः इजरायल तथा साइप्रसमा रहेका नेपाली श्रमिक दाजु भाई तथा दिदी बहिनीहरुले इजरायल तथा साइप्रसमा कसैले त्यस्तो अवैध वा गैर कानूनी काम/कारोवार गरेको भए प्रमाण सहित दूतावासमा इमेल वा फोन बाट जानकारी दिनु हुन अनुरोध गर्दै यहाँहरुले पनि आफ्नो कमाईको विप्रेषण काम/कारोवार गर्दा अनौपचारिक माध्यम वा अवैध तरीका वा हुण्डी लगायतका कुनै पनि अवैधानिक माध्यम नअपनाउँनु हुन र बैधानिक माध्यम जस्तै बैंकिंग वा वित्तीय प्रणालीबाट मात्र आफ्नो संकलित रकम वा आम्दानी नेपाल पठाउँदा बैध कारोवार अपनाउँनु हुन यो सूचना जारी गरिन्छ ।

यो सूचना भन्दा अगाडी जारी गरिएका हुण्डी लगायतका कारोवार निरुत्साहित गर्ने सम्बन्धी सूचनाहरु पनि प्रेषित गरि सकिएकोले पुनः यस सम्बन्धी अवैध ढंगबाट हुने विप्रेषण कारोवार रोक्न, सूचना दिन पुनः अनुरोध गरिन्छ ।

नेपाली राजदूतावास,
तेल अविव
१६/१२/२०२५